२४३

राष्ट्रिय सूचना आयोग
२०६५

# राष्ट्रिय सूचना आयोग
## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना
## आदेश
### मु.नं. १८८/२०७०/०७१

जिल्ला महोत्तरी, एकडारा बेला गा.वि.स. ४ वस्ने भवेश कुमार मिश्र....................................१ निवेदक

विरूद्ध

कार्यालय प्रमुख, जिल्ला शिक्षा कार्यालय, धनुषा ..............................................................१ विपक्षी

विषय :- सूचना दिनू भनिएकोमा पाइन भन्न नआएकोले तामेलीमा राख्ने ।

जिल्ला महोत्तरी, एकडारा बेला गा.वि.स. ४ वस्ने भवेश कुमार मिश्रले जिल्ला शिक्षा कार्यालय, धनुषा समक्ष सूचना माग गर्दा सूचना उपलव्ध नगराएकोले सूचना उपलव्ध गराइपाउँ भनी यस आयोगमा मिति २०७०।११।१३ मा निवेदन गरेको । निवेदकको माग बमोजिमको सूचना उपलब्ध गराउनू भनी यस आयोगबाट भएको आदेश कार्यान्वयनका लागि मिति २०७०।१२।०३, च:नं. ७१८, पु.च.नं.२१९ को पत्रबाट पत्राचार भएको । सो सम्बन्धमा उक्त कार्यालयले सूचना उपलब्ध गराएको जानकारी आयोगलाई नदिएको तथा लामो समयसम्म निवेदकले सूचना पाइन भनी निवेदन गर्न आएको पनि देखिदैन । उक्त आदेश बमोजिमको सूचना नपाएको अवस्थामा निवेदकले पुनः आयोगमा निवेदन/पुनरावेदन गरेमा सोही बखत अग्रीम कारवाही प्रक्रिया अगाडि वढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत निवेदन तामेलीमा राख्नू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७२ साल असार २३ गते रोज ४ शुभम् ।